स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं.२०७९/०८०

मिति :२०७९/०९/०६

## साना व्यवसायिक कृषि उत्पादन केन्द्र (आलु पकेट) बिकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

**सूचना प्रकाशित मिति : २०७९/०९/०६**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हेलम्बु गाउँपालिकाको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिका भित्र व्यवसायिक कृषि उत्पादन केन्द्र (आलु पकेट) विकास कार्यक्रम सञ्चालन हुने भएकोले उक्त कार्यक्रममा सहभागी हुन चाहाने ईच्छुक व्यवसायिक कृषि फर्म/उद्यमी/कृषक समुह/कृषि सहकारीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मिति २०७९/०९/२० सम्म १५(पन्ध्र) दिन भित्र यस हेलम्बु गाउँपालिकाको कार्यालय कृषि विकास शाखामा सूचिकृत गराइदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रम | न्यूनतम क्षेत्रफल | खर्च शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | आलु पकेट | १० हे.(२०० रोपनी) | २६३३२ | कार्यक्रममा ५०% साझेदारी गर्नु पर्नेछ वा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुल अनुसार संचालन गरिनेछ । |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

१) सम्बन्धित निकायमा कृषक समुह/ सहकारी/फर्म दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

२) जग्गा धनी प्रमाणपत्रको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको सम्झौता पत्र ।

३) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

४) कार्यक्रम सञ्चालन प्रस्तावना सहितको कार्य समितिको निर्णय प्रतिलिपी ।

५) अनुसूची ६ र ७ बमोजिमको फारम ।

६) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

नोट : अनुसूचीको विवरण सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुने व्यहोरा अनुरोध छ ।

२०७९/०९/०६